KRIPA NATIONAL DAILY

# कृपा राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-१९२ बारा, २०८३ भदौ १७ गते बुधबार / षष्ठी / नेपाल संवत् ११४६ / Wednesday, September 2 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच

## ११ वर्षीय बालकको हत्या आरोपमा १७ वर्षीय किशोर पक्राउ




निजगढ, १६ भदौ/बारा प्रहरीले अपहरणपछि ११ वर्षिय बालकको हत्या गरेको आरोपमा प्रहरीले १७ वर्षीय एक किशोरलाई पक्राउ गरेको छ ।

जिल्लाको विश्रामपुर गाउँपालिका वडा नम्बर ३ मुसअर्वाका ११ वर्षीय बालक राजेशकुमार साहको हत्या गरेको आरोपमा पक्राउ गरेको ती किशोरको नाम भने प्रहरीले सार्वजनिक गरेको छैन । प्रचलित कानुनबमोजिम हत्या आरोपमा पक्राउ परेका किशोरको नाम प्रहरीले गोप्य राखेको हो ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले दिएको जानकारी अनुसार राजेश भदौ ९ गतेदेखि घरबाट हराएका थिए । खोजतलासका क्रममा भदौ ११ गते भारत बिहारको मोतिहारी जिल्लास्थित नुनयाडी पञ्चायत( १ स्थित सिंहा नदी किनारमा उनको शव फेला परेको थियो । मृतककी आमाले भारत पुगेर शवको पहिचान गरेकी थिइन् ।

घटनाको अनुसन्धानका क्रममा प्रहरीले संकलन गरेको सिसिटिभी फुटेज, स्थानीयको बयान र भारतीय प्रहरीसँगको समन्वयका आधारमा १७ वर्षीय किशोरको संलग्नता पुष्टि भएको हो ।

अनुसन्धानबाट ती किशोरले राजेशलाई विश्रामपुरबाट अपहरण गरी

बाँकी तेश्रो पेजमा

## दुधौरा खोला किनाराको बस्ति खाली गर्न डिभिजन वन कार्यालय बाराको १५ दिने सूचना

निजगढ, १६ भदौ/डिभिजन वन कार्यालय बाराले जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १ स्थित पूर्वपश्चिम महेन्द्र राजमार्गको दुधौरा खोला किनाराको वन अतिक्रमण क्षेत्र खाली गर्न १५ दिने सूचना जारी गरेको छ ।

वन कार्यालयका डिभिजन वन अधिकृत सुजीतकुमार झाले आज एउटा सूचना जारी गर्दै सो कार्यालयको क्षेत्राधिकारभित्र पर्ने पूर्व दुधौरा खोला, पश्चिम पथलैया सामुदायिक वन, उत्तर पूर्वपश्चिम राजमार्ग र दक्षिण पथलैया सामुदायिक वनको खयरघारी भित्रमा अनाधिकृत रुपमा वन अतिक्रमण गरेर घर टहरा बनाएर बसोबास तथा व्यवसाय संचालन गर्दैआएकाहरुलाई आगामी भाद्र गतेभित्र बस्ति खाली गर्न उर्दी जारी गर्नुभएको हो ।

कार्यालयको सूचनामा वन ऐन २०७६, वन नियमावली २०७९ र प्रचलित कानुनको प्रतिकूल रहेको सो वस्तिमा विभिन्न जोखिमसंगै भूमि व्यवस्था आयोगले धनीपूर्जा वितरण गर्न र जीविकोपार्जको आधारसमेत नभएको हटाउनुपर्ने देखिएको जनाइएको छ ।



दुधौरा खोलाको बाढीसंगै बस्तिमा बाघ, हात्तीलगायतका जनावरको उच्च जोखिम रहेको वन कार्यालयको भनाइ छ । वन्यजन्तु विचरण गर्ने जंगलको कोर क्षेत्रमा पर्ने भएकोले सो बस्तिमा वन्यजन्तुको जोखिम रहेको जनाएको हो । सूचनामा सो क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरुबाट वनजन्य अपराध घटाउन गर्न सक्ने प्रवल संभावना रहेको पनि उल्लेख गरिएको छ ।

साथै, भूमि ऐन २०२१ को आठौं संशोधनको दफा ५२ ख (४) को खण्ड (ख) र (ग) अनुसार नकारात्मक सूचीको जग्गा भएकोले भूमि समस्या समाधान आयोगमार्फत पनि उक्त वन क्षेत्र वितरण गर्न नसकिने कार्यालयले जनाएको छ ।

'जोखिम बाहेक जीविकोपार्जन र बसोबासको कुनै आधार छैन, सूचनामा भनिएको छ, सूचना टाँस भएको मितिले १५ (पन्द्रह) दिनभित्र घर टहरा र छाप्रो हटाई वन क्षेत्र खाली गर्न अनुरोध छ ।'

कार्यालयले दिएको समय सीमाभित्र अटेर गरी घर टहरा नहटाएको पाइए घर, छाप्रो र टहरामा प्रयोग भएका काठ लगायतका मालवस्तु जफत गरी सो कार्यमा संलग्न व्यक्तिहरुलाई वन ऐन २०७६, वन नियमावली २०७९ र प्रचलित कानुन बमोजिम कारबाही हुने चेतावनी पनि दिएको छ ।

## सडक पार गर्ने क्रममा ईभीको ठक्करबाट बालकको मृत्यु




जीतपुर,१६ भदौ/बाराको परवानीपुर गाउँपालिका- ४ मा सडक पार गर्ने क्रममा ईभी गाडीको ठक्करबाट एक बालकको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार मंगलबार दिउँसो वीरगञ्जबाट हेटौंडातर्फ जाँदै गरेको मधेस प्रदेश ०३(००१ ज ०९०१ नम्बरको ईभी गाडीले केडिया आँखा अस्पतालअगाडि सडक पार गर्दैगरेका भारतको मोतिहारी जिल्लामा बस्ने मोहम्मद गुफानका छोरा ७ वर्षीय मोहम्मद ईशानलाई ठक्कर दिएको थियो ।

गाडीको ठक्करबाट टाउकोमा गम्भीर चोट लागेका ईशानलाई उपचारका लागि वीरगञ्जस्थित बयोधा अस्पताल लगिएको थियो । उपचारकै क्रममा दिउँसो २:०८ बजे चिकित्सकले उनलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता मीनबहादुर घलेले जानकारी दिनुभएको छ ।

घटनापछि इलाका प्रहरी कार्यालय परवानीपुरबाट प्रहरी नायब निरीक्षक बालराज गिरीको कमाण्डमा खटिएको टोलीले ईभी गाडी र चालक पर्साको वीरगञ्ज महानगरपालिका- ३२ मा बस्ने २६ वर्षीय लक्ष्मन पासवानलाई नियन्त्रणमा लिएको छ । चालकलाई इलाका प्रहरी कार्यालय परवानीपुरमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको प्रवक्ता घलेले जानकारी दिनुभयो ।

## अटोरिक्सा चार्ज गर्ने क्रममा करेन्ट लागेर बरैनियामा १ जनाको मृत्यु

कलैया, १६ भदौ/बाराको विश्रामपुर गाउँपालिका( २ कान्तिपुर बरैनियामा अटो रिक्सा चार्ज गर्ने क्रममा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा कान्तिपुर बरैनिया निवासी ५० वर्षीय शर्मा पटेल रहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार पटेलले मंगलबार आफ्नै घरमा अटो रिक्सा चार्ज गरिरहेका बेला अचानक करेन्ट लागेको थियो । करेन्ट लागेर गम्भीर भएका उनको मृत्यु भएको जनाइएको छ ।

घटनापछि आवश्यक कानुनी प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि कलैया लगिएको थियो । कलैयामा पोस्टमार्टम सम्पन्न भएपछि शव परिवारको जिम्मा लगाइएको प्रहरीले जनाएको छ ।

परिवारले शव बुझेर पटेलको दाहसंस्कारसमेत गरिसकेको जनाइएको छ ।

अटो रिक्सा चार्ज गर्ने क्रममा कसरी करेन्ट लाग्यो भन्ने विषयमा थप विवरण भने खुल्न बाँकी रहेको छ ।

## महागढीमाई नगरपालिकाले जनप्रतिनिधिको तलबसहित बाढी पीडितलाई साढे ४१ लाख सहयोग गर्ने

कलैया, १६ भदौ/बाराको महागढीमाई नगरपालिकाले रसुवाका बाढीप्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ४१ लाख ५१ हजार रूपैयाँ सहयोग गर्ने निर्णय गरेको छ ।




प्राकृतिक विपत्तिले पुऱ्याएको अकल्पनीय क्षतिप्रति दुःख व्यक्त गर्दै नगर कार्यपालिकाको बैठकले उक्त निर्णय गरेको हो ।

नगर प्रमुख उपेन्द्रप्रसाद यादवका अनुसार नगरपालिकाका ६० जना जनप्रतिनिधिहरूले आफ्नो एक महिनाको सेवा सुविधा बापतको रकम कोषमा योगदान गर्नेछन् । यसैगरी नगरपालिकामा कार्यरत निजामती कर्मचारीहरूले नेपाल सरकारको निर्णय बमोजिम आफ्नो तलबबाट रकम उपलब्ध गराउनेछन् भने नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट पाँच लाख थप गरी कुल ४१ लाख ५१ हजार रूपैयाँ कोषमा जम्मा गरिनेछ ।

नगर प्रमुख यादवले देश शोकमा डुबेको र ठूलो क्षति व्यहोरेको बेला सहयोग गर्नु सबैको मानवीय कर्तव्य हुने बताउनुभयो । उहाँले एकतावद्ध भएर सहयोग गर्ने जनप्रतिनिधि तथा कर्मचारीहरूप्रति आभार व्यक्त गर्नुभएको छ । यादवले प्राकृतिक विपत्तिको यस समयमा प्रभावितहरूको तत्काल उद्धार, राहत र पुनर्स्थापना नै प्राथमिक आवश्यकता भएको बताउँदै भविष्यमा यस्तो क्षति नहुने गरी दीर्घकालीन रूपमा सुरक्षित बसोबासको व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभएको छ ।

रसुवाका बाढीपीडितको सहयोगका लागि बाराका अन्य स्थानीय तहहरूले पनि सहयोगको घोषणा गरिरहेका छन् । हालसम्म जीतपुरसिमरा उपमहानगरपालिकाले ११ लाख, निजगढ नगरपालिकाले पाँच लाख र सुवर्ण गाउँपालिकाले चार लाख रूपैयाँ सहयोग गर्ने घोषणा गरेका छन्

## बाढी पीडितको लागि हातेमालो सहकारी सिमराको १ लाख ५१ हजार सहयोग



सिमरा, १६ भदौ/रसुवास्थित भोटेकोशी बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै बाराको जीतपुरसिमरा( २ सिमरास्थित हातेमालो बचत तथा ऋण सहकारी संस्था लिमिटेडले राहतका लागि आर्थिक सहयोग गरेको छ ।

सहकारीले विपद्का कारण प्रभावित परिवारको राहत, उद्धार तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १ लाख ५१ हजार १५५ रुपैयाँ सहयोग रकम जम्मा गरेको जनाएको छ । नेपाल सरकार, सहकारी संघ तथा स्थानीय सहकारी संस्थाहरूको अपिलअनुसार विपत्तिको समयमा आफ्नो क्षमताअनुसार सहयोग गर्न अग्रसर हुँदै आएको सहकारीले जनाएको छ ।

समुदायको दुःख(सुखमा साथ दिने सामुदायिक संस्थाको भूमिकाअनुसार उक्त सहयोग गरिएको सहकारी संस्थाका प्रबन्धक महेश ढुङ्गेलले बताउनुभयो ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# कृष्णभीरको पाठ र सडक सुरक्षाको यक्ष प्रश्न

धादिङको कृष्णभीर पहिरो नेपाली सडक पूर्वाधारको इतिहासमा एउटा बिर्सन नसकिने नाम हो ।

वि.सं. २०५७ देखि २०६१ सालसम्म निरन्तर खसेको यो पहिरोले देशको राजधानी जोड्ने मुख्य लाइफलाइनलाई हप्तौंसम्म ठप्प बनाउँदा राज्यले ठूलो आर्थिक र मानवीय संकट ब्यहोर्नुपरेको थियो ।

अन्ततः जैविक इन्जिनियरिङ (बायो(इन्जिनियरिङ) र नेपाली प्राविधिकहरूको निरन्तर प्रयासबाट यसको सफल नियन्त्रण गरियो । यो सफलता नेपाल र विश्वकै इन्जिनियरिङ क्षेत्रका लागि एउटा अनुकरणीय पाठ थियो ।

कृष्णभीरको सफल नियन्त्रणले हामीलाई सिकाएको मुख्य पाठ प्रकृति अनुकूलको प्रविधि र दिगो विकासको आवश्यकता हो । अहिले फेरि समस्या दोहोरिएको छ ।

रैथाने वनस्पति र पर्यावरणमैत्री प्रविधिको सम्मिश्रणले मात्र पहाडी भूगोलमा सडक सुरक्षित राख्न सकिन्छ भन्ने यसले प्रमाणित गरेको थियो । तर, आज देशका विभिन्न राजमार्ग र ग्रामीण सडकहरूको अवस्था हेर्दा हामीले इतिहासको त्यो ठूलो शिक्षालाई भुल्दै गएको स्पष्ट देखिन्छ ।

अहिले विकासका नाममा विना वातावरणीय अध्ययन र विना इन्जिनियरिङ डिजाइन पहाडी भित्ताहरूमा जथाभाभी डोजर कुदाउने प्रवृत्ति भयानक रूपमा बढेको छ। यसैको परिणामस्वरुप हरेक वर्ष मनसुनमा सयौं नयाँ 'कृष्णभीरहरू' सिर्जना भइरहेका छन् ।


ठूला कंक्रिटका पर्खाल र बजेट सक्ने शैलीले मात्र पहिरो रोक्न सकिँदैन भन्ने बुझ्न अब ढिला भइसकेको छ । सडक सुरक्षालाई सुनिश्चित गर्न अबका आयोजनाहरूमा जैविक इन्जिनियरिङलाई अनिवार्य र प्रभावकारी रूपमा लागू गरिनुपर्छ

कृष्णभीरको पहिरो नियन्त्रणलाई केवल इतिहासको एउटा घटना मात्र नबनाएर, त्यसबाट प्राप्त ज्ञानलाई हरेक पहाडी सडक निर्माणको मार्गदर्शक सिद्धान्त बनाउनु नै राज्यको वास्तविक दायित्व हो ।

यही हप्ताको शुरुतिर फेरि सो सडक भासिएपछि सडक अवरुद्ध छ। अब यसको दीर्घकालिन समाधानको सोच सरकारले बनाउन आवश्यक छ ।

# आघातपछि तनाव व्यवस्थापन

विसं २०८३ भदौ १० गते आएको भोटेकोशीको बाढीले सारा नेपालीको मानसपटल हल्लाइदिएको छ। त्यसो त यसअघि पनि बाढीपहिरोको घटना देशका विभिन्न भागमा भएका थिए तर यस पटकको अप्रत्याशित हिमपहिरोपछिको बाढीका कारण विशेषतः रसुवा, नुवाकोट अनि गोरखाका जनता अति नै प्रभावित भए । उद्धार कार्य, व्यवस्थापन एवं पुनर्स्थापनाको कार्य जारी नै छ तर यस घटनाले प्रभावित वयस्क एवं बालबालिकामा गम्भीर मानसिक आघात पनि पुगेको हुन्छ। विगतमा महाभूकम्प २०७२ एवं कोभिड महामारीका कारण नेपालीले यस्तै गम्भीर मानसिक आघात बेहोरेका थिए ।




मेडिकल क्षेत्रमा अझ विशेषतः मनोचिकित्सा क्षेत्रमा यस्तो खाले प्राकृतिक विपत्ति एवं गम्भीर खालको घटना पछि पर्ने मानसिक प्रभावलाई पोस्ट ट्रमाटिक स्ट्रेस डिसअर्डर (छोटकरीमा पिटिएसडी) भन्ने गरिन्छ। पिटिएसडी अत्यन्तै डरलाग्दो, ज्यान नै जोखिममा पार्ने वा गम्भीर भावनात्मक आघात दिने घटना अनुभव गरेपछि विकसित हुन सक्ने मानसिक स्वास्थ्यसम्बन्धी समस्या हो। दुर्घटना, प्राकृतिक विपत्ति, युद्ध, हिंसा, बलात्कार, बाल्यावस्थाका यौन एवं शारीरिक दुर्व्यवहार, गम्भीर एवं जीर्णरोग, अचानक मृत्यु वा अन्य भयावह घटनाले मानिसको मनमा गहिरो प्रभाव पार्न सक्छ। यस्तो घटना भएको केही समय डर, तनाव, दुःख, निद्रा नलाग्ने वा घटना सम्झिरहने प्रवृत्ति भई राख्न सक्छ तर यी लक्षण लामो समयसम्म रहिरहँदा र यसले दैनिक जीवनमा उल्लेखनीय असर पार्न थालेमा त्यसलाई पिटिएसडी भनिन्छ ।

पिटिएसडी केवल कमजोर मनोबल भएका मानिसलाई मात्र हुने समस्या होइन। ती घटनाको प्रभाव जोसुकैलाई हुन सक्ने यो समस्या मस्तिष्क, स्नायु प्रणाली, भावना र व्यवहारमा आघातले पार्ने जटिल प्रभावसँग सम्बन्धित अवस्था हो। उचित पहिचान र मनोसामाजिक परामर्शसहितको उपचार पाएमा अधिकांश व्यक्तिले यसबाट उल्लेखनीय सुधार गर्न सक्छन् । मानिसको मस्तिष्कले खतरनाक घटनाबाट आफूलाई जोगाउन विशेष प्रकारको सचेतनामूलक प्रणाली उपयोगमा ल्याउँछ। कुनै पनि भयावह घटना हुँदा शरीरमा तनावसँग सम्बन्धित हर्मोन र न्युरो ट्रान्समिटर सक्रिय हुन्छन्, जसले गर्दा मुटुको धड्कन बढ्छ, मांसपेशी तनावग्रस्त हुन्छन् र मानिस लड्ने वा भाग्ने अवस्थामा पुग्छ। साधारण अवस्थामा क्षणिक खतरा समाप्त भएपछि शरीर र मस्तिष्क क्रमशः सामान्य अवस्थामा फर्किन्छन् तर पिटिएसडीमा आघातसँग सम्बन्धित नमिठो सम्झना, भावना र शारीरिक प्रतिक्रिया लामो समयसम्म अत्यधिक सक्रिय रहन सक्छन् । परिणामस्वरूप वास्तविक खतरा टरिसकेको भए पनि प्रभावित व्यक्तिले आफू अझै त्यही घटनाको जोखिममा रहेको जस्तो अनुभव गर्न सक्छ ।

पिटिएसडी हुनाको सबैभन्दा महत्वपूर्ण कारण आघातपूर्ण घटना नै हो। उदाहरणका लागि गम्भीर सडक वा औद्योगिक दुर्घटना, भूकम्प, बाढीपहिरो तथा अन्य प्राकृतिक विपत्ति, युद्ध, द्वन्द्व वा आतङ्कजन्य घटना, बलजफ्तीपूर्ण शारीरिक वा यौनहिंसा, बलात्कार तथा यौन दुर्व्यवहार, बाल्यकालीन शारीरिक वा भावनात्मक दुर्व्यवहार, नजिकको आफन्तको हिंसात्मक वा अचानक मृत्यु, अपहरण वा यातना, गम्भीर चिकित्सा अवस्था वा जीवन जोखिममा परेको अनुभव आदि। एकैखाले घटना (जस्तै- भोटकोशी बाढीको कहर) अनुभव गरेका सबै मानिसमा पिटिएसडी विकसित हुनै पर्छ भन्ने हुँदैन। प्रभावित व्यक्तिको पूर्वमानसिक अवस्था, बाल्यकालीन अनुभव, सामाजिक सहयोग, आघातको गम्भीरता, घटनाको पुनरावृत्ति तथा अन्य व्यक्तिगत र वातावरणीय कारणले पिटिएसडीको जोखिम फरक पार्न सक्छ।

पिटिएसडीका लक्षणलाई सामान्यतः चार समूहमा बाँड्न सकिन्छ। पहिलो, प्रभावित व्यक्तिले आफूले भोगेको घटना बारम्बार सम्झन सक्छ। कहिलेकाहीँ फ्लास ब्याकका रूपमा उक्त घटना फेरि जीवन्त रूपमा सम्झिरहने हुन्छ। यसका अतिरिक्त बारम्बार दुःस्वप्न आउने, अनिच्छित रूपमा घटना सम्झने, घटनासँग सम्बन्धित वस्तु, आवाज वा गन्धले तीव्र प्रतिक्रिया जनाउने, घटना सम्झँदा डर, घबराहट वा शारीरिक तनाव बढ्ने जस्ता लक्षण देखिन सक्छन्। दोस्रो, प्रभावित व्यक्तिले आघातसँग सम्बन्धित कुरा वा घटना सम्झाउने मानिस, स्थान, गतिविधि, कुराकानी वा समाचारबाट टाढा रहन खोज्छ। जस्तै- सडक दुर्घटनापछि कसैलाई गाडीमा यात्रा गर्न डर लाग्न सक्छ। हिंसाको अनुभव गरेकालाई त्यस घटनासँग सम्बन्धित ठाउँमा जान मन नलाग्न सक्छ। कहिलेकाहीँ प्रभावित व्यक्ति घटनाबारे कुरा गर्न वा सोच्नसमेत असहज मान्छ। यस्तो खालको अलगपनाले तत्काललाई राहत दिए जस्तो लागे पनि दीर्घकालीन रूपमा समस्या कायम रहन सक्छ।

तेस्रो, प्रभावित व्यक्तिले आफू, अरू मानिस र सारा संसारप्रतिको फरक धारणा बनाउन सक्छ। जस्तै- घटनाका लागि आफैँलाई दोष दिने, आफू सुरक्षित छैन भन्ने भावना विकसित गर्ने, अरूमाथि विश्वास गर्न कठिन मान्ने, आफ्नो भविष्यप्रति निराश हुने, निरन्तर डर, अपराधबोध वा लज्जा महसुस गर्ने, आफ्ना रुचिपूर्ण गतिविधि तथा आफन्तजनबाट टाढा बस्ने, सकारात्मक सोच बनाउन कठिन मान्ने आदि। यस्ता परिवर्तनले परिवार, साथीभाइ र सामाजिक सम्बन्धमा समेत असर पार्न सक्छ। चौथो, पहिलेभन्दा अत्यधिक सतर्कता मान्ने र उत्तेजित हुने हुन्छ। प्रभावित व्यक्ति सानो आवाजले पनि झस्किन सक्छ। उसलाई निरन्तर खतरा महसुस गर्न सक्छ। यसले गर्दा निद्रामा समस्या, चिडचिडापन, रिस छिटो उठ्ने, ध्यान केन्द्रित गर्न कठिन हुने, अत्यधिक सतर्क रहने, सजिलै झस्किने, मुटुको धड्कन बढ्ने, बेचैनी हुने जस्ता लक्षण देखिन सक्छन् ।

### तनावमा भिन्नता

आघातपूर्ण घटना भएपछि केही दिन वा हप्तासम्म डर हुने, दुःख मान्ने, निद्रा बिग्रने वा घटना पटक पटक सम्झिने जस्ता प्रतिक्रिया हुन सक्छ। धेरै जनामा समयक्रमसँगै यी लक्षण कम हुँदै जान्छन् तर पिटिएसडीका लक्षण लामो समयसम्म रहन्छन् । प्रभावित व्यक्तिको व्यक्तिगत, सामाजिक वा व्यावसायिक जीवनमा महत्वपूर्ण असर हुन थाल्छन् । त्यसैले कुनै आघातपूर्ण घटना भएको भन्नेबित्तिकै पिटिएसडी भयो भन्ने निष्कर्ष निकाल्नु उचित हुँदैन, त्यसो भन्दै गर्दा पिटिएसडी पहिचान गर्न खासै रगत परीक्षण वा एक्सरे आवश्यक हुँदैन तर पछिल्लो आघातपूर्ण घटनाबाट बाह्य वा भित्री अङ्गमा चोट पुगेको आशङ्का भएमा आवश्यक टेस्ट गराउनुपर्ने हुन्छ। मनोरोग विशेषज्ञले प्रभावित व्यक्तिसँग विस्तृत कुराकानी गरेर लक्षणको प्रकृति, अवधि, आघातको इतिहास र दैनिक जीवनमा परेको प्रभाव विश्लेषण गर्छन् ।

**साभारः गोरखापत्र**




किस्ताबन्दिमा आफुले खरिद गर्न चाहेको सामानहरु खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरुमा डाउन पेमेन्ट गर्नु पर्छ र बाकि रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ । रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरुमा रु १००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरित्ताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाकि रकमको १ चेक १ वर्षको भाखा राखि दिनु पर्नेछ ।


# कृष्णभीरको पहिरो पन्छाएर सडक खुलाउन कम्तीमा १५ दिन लाग्ने

काठमाण्डौं,१६ भदौ/पृथ्वी राजमार्गअन्तर्गत कृष्णभीर पहिरोले अवरुद्ध बनाएको सडक सञ्चालनमा ल्याउन अझै कम्तीमा १५ दिन लाग्ने भएको छ ।

भोटेकोसीमा आएको बाढीका कारण त्रिशूली नदीमा पानीको बहाव बढेपछि कृष्णभीर क्षेत्रमा सडकको तल्लो भाग कटान भई राजमार्ग अवरुद्ध भएको छ । सडक विभागले अवरुद्ध सडक १५ दिनभित्र सञ्चालन ल्याउनेगरी तयारी गरेको जनाएको छ ।

विभागले प्राविधिक तथा भौगर्भिक विज्ञसहितको टोली कृष्णभीरमा परिचालन गरेको छ। पहिरोले कटान गरेको सडकको स्थलगत अनुगमनपछि सडक विभागका सहसचिव चुणाराज ढकालले बाढीका ठूलो बहावका कारण सडकको तल्लो भाग कटान भएको र माथिल्लो भूभागमा समेत चिरा परेकोले पहिरो खसेको बताउनुभयो ।

राजमार्गलाई उच्च प्राथमिकतामा राखेर तत्काल सुचारु गर्नेगरी काम अघि बढाइने उहाँले बताउनुभयो । विज्ञहरूको टोलीबाट प्राविधिक राय लिएर सम्भव भएसम्म १० देखि १५ दिनमा राजमार्ग खुलाउने प्रयत्न गर्ने उहाँको भनाइ छ ।



'यो राजमार्ग नेपालकै लाइफलाइन भएको हुनाले यसलाई हाम्रो उच्च प्राथमिकता दिएर तत्काल गर्नुपर्ने सबै कदम चाल्छौं,' उहाँले भन्नुभयो, 'सबै विज्ञहरूको टिम बनाएर उहाँहरूको राय अनुसार र विभागको सम्पूर्ण टिम बसेर निर्णय गरेर सकेसम्म हामी १० देखि १५ दिनमा खुलाउन प्रयत्न हुन्छ ।'

हाल वैकल्पिक रुट र स्थानीय सडक प्रयोग गरेर यातायात सञ्चालन गर्ने तयारी गरिएको उहाँले जानकारी दिनुभयो ।

सडक विभागले आगामी दिनमा नदी करिडोरमा निर्माण हुने राजमार्गलाई थप दिगो र विपद्(प्रतिरोधी बनाउने नीति आवश्यक रहेको जनाएको छ । विभागका सहसचिव ढकालले नदीको उच्च बहावको स्तरलाई ध्यानमा राखेर सडकको उचाइ बढाउने, वैकल्पिक लिंक तथा रुट विकास गर्ने, अग्ला पुल र आवश्यक ठाउँमा साना सुरुङ निर्माण गर्ने तथा प्राविधिक रूपमा सुरक्षित संरचना विकास गर्नुपर्ने बताउनुभयो ।

उहाँका अनुसार सुरुआती लागत केही बढे पनि दीर्घकालीन रूपमा टिकाउ हुने प्रविधिमा आधारित राजमार्ग निर्माणलाई प्राथमिकता दिनुपर्ने आवश्यकता देखिएको छ ।

सडक विभागका भू(प्राविधिक विज्ञ मधुसुदन आचार्यले कृष्णभीरको पहिरो पुरानै 'स्लोप फेलियर' भएको क्षेत्रमा दोहोरिएको बताउनुभयो । तत्काल सडक खुलाउन माथिल्लो भागको जोखिमयुक्त माटो तथा संरचना हटाएर सिंगल लेन डाइभर्सन निर्माण गर्न सकिने सम्भावना रहेको आचार्यले बताउनुभयो ।

तल्लो भागमा नदी कटान हाल रोकिएको प्रारम्भिक अध्ययनबाट देखिएको उहाँको भनाइ छ । ड्रोनबाट खिचिएको तस्बिरमा नदीको तल्लो भागमा बेडरक भेटिएको हुन सक्ने देखिएकाले हाललाई माथिबाट डाइभर्सन निर्माण गरेर सडक खोल्ने सम्भावना रहेको उहाँले बताउनुभयो ।

नदीको कटान नियन्त्रण गर्न जिओब्याग, ग्याभिन नेट तथा बोल्डरलाई नेटले र्‍याप गरेर तल्लो भाग संरक्षण गर्ने प्रविधि प्रयोग गर्न सकिने उहाँको भनाइ छ । यस्तो संरचनाले नदीको कटान कम गरी विद्यमान स्लोपलाई थप भत्किनबाट जोगाउन सहयोग गर्नेछ ।

उहाँकाअनुसार हाल सडक सञ्चालनमा ल्याउन करिब सय मिटर लम्बाइ र १० देखि १५ मिटर उचाईको प्रभावित क्षेत्रबाट हजारौं घनमिटर सामग्री हटाउनुपर्ने देखिन्छ। तीन(चार वटा मेसिन परिचालन गरी तीव्र गतिमा काम गर्न १५ दिनमा सडक सञ्चालनमा ल्याउन सकिने पनि उहाँले बताउनुभयो

# उद्धार, राहत र पुनर्स्थापनाका लागि तीनै तहमा सर्वदलीय संयन्त्र परिचालन गरिने

काठमाण्डौ १६ भदौ/भदौ १० गते बुधवार रसुवाको भोटेकोशीमा आएको भीषण बाढीको प्रभावित क्षेत्रमा खोज, उद्धार, राहत वितरण तथा पुनर्स्थापनाका कामलाई प्रभावकारी बनाउन तीनै तहमा सर्वदलीय राजनीतिक संयन्त्र परिचालन गरिने भएको छ ।

आज सिहंदरबारमा बसेको सर्वदलीय बैठकले प्रदेश र पालिकामा समेत सर्वदलीय राजनीतिक संयन्त्र निर्माण गरी राहत तथा उद्धारमा परिचालन गर्ने निर्णय भएको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद वर्षमान पुनले जानकारी दिनुभयो ।

पुनका अनुसार बैठकले विपद्का बेला दलगत राजनीतिभन्दा माथि उठेर सरकारलाई पूर्ण सहयोग गर्ने प्रतिबद्धतासमेत दोहोऱ्याएको छ ।उहाँले राहत वितरणका लागि सरकारले एकद्वार प्रणाली अपनाए पनि पीडितसम्म राहत पुग्न नसकेको भन्दै पालिकासँग पर्याप्त समन्वय गर्नुपर्नेमा जोड दिएको बताउनुभयो ।

सांसद पुनले विपद्को उद्धार तथा राहतमा निजी क्षेत्रलाई शुरूदेखि नै सहभागी गराउनुपर्नेमा सरकारले त्यस्तो नगराएको विषयमा ध्यानाकर्षण गराइएको उल्लेख गर्नुभयो ।

यस्तै सर्वदलीय बैठकमा नेपाली कांग्रेसले सुरुङमा फसेका व्यक्तिको उद्धारका लागि अन्तर्राष्ट्रिय विज्ञ तथा प्रविधिको सहयोग लिन सरकारसँग आग्रह गरेको छ ।

कांग्रेसका केन्द्रीय सदस्य देवराज चालिसेले सरकारले उपलब्ध स्रोत साधनबाट प्रयास गर्दागर्दै पनि नसकेको अवस्थामा प्राविधिक विषयमा अन्तर्राष्ट्रिय सहयोग लिन कुनै सङ्कोच गर्न नहुने बताउनुभयो । सरकारले अन्तर्राष्ट्रिय सहयोग लिने वा नलिने विषयमा समयमै निर्णय गर्न नसक्दा उद्धारमा ढिलाइ भएको उहाँको भनाइ छ ।

# करदाता प्रोत्साहन कार्यक्रम तत्कालका लागि स्थगित

काठमाण्डौ १६ भदौ/आन्तरिक राजस्व विभागले सञ्चालन गर्दै आएको करदाता प्रोत्साहन कार्यक्रम तत्कालका लागि स्थगित भएको छ ।

विभागले आज सार्वजनिक सूचना निकालेर यो कार्यक्रम अहिलेलाई स्थगित गरिएको जानकारी दिएको हो । भोटेकोशी बाढीले रसुवा, नुवाकोट, धादिङलगायतका जिल्ला प्रभावित भएका र नागरिक हताहती भएसँगै विभागले चिट्ठा उपहार कार्यक्रमलाई रोकेको हो ।

विभागले आज (भदौ १६) गते छनोट हुनुपर्ने करदाता प्रोत्साहन उपहार कार्यक्रमलाई रोकेर असोज १ गते सञ्चालन गर्ने उल्लेख गरेको छ ।

# नेपालले भोग्नुपरेको जलवायु परिवर्तनको असरबारे अन्तर्राष्ट्रिय समुदायसमक्ष उठाउँछौं: प्रधानमन्त्री शाह

काठमाडौं, १६ भदौ/प्रधानमन्त्री वालेन्द्र शाहले नेपालले भोग्नुपरेको जलवायु परिवर्तनको असरबारे अन्तर्राष्ट्रिय समुदायसमक्ष उठाउने बताउनुभएको छ ।

मंगलबार साँझ सामाजिक सञ्जालमा लेख्दै प्रधानमन्त्री शाहले सो कुरा बताउनुभएको हो ।

'हामीमाझ कसरी यो विपद् आइलाग्यो भन्ने जिज्ञाशा सबैतिर छ । हामीले विज्ञहरुसँग छलफल गर्दा रसुवाको भोटेकोशी नदीमा आएको बाढी हिमालय क्षेत्रमा हिउँ चट्टानको हिमपहिरोबाट सृजित यस क्षेत्रकै ठूलो विपत्ति भएको कुरा आएको छ । यस घटनाले हिमालय क्षेत्रमा जलवायु परिवर्तनसँगै हामीले खेप्नुपर्ने जोखिम बढ्दै गएको गम्भीर संकेत गरेको छ' उहाँले भन्नुभएको छ, 'त्यसैले यो क्षेत्र सचेत त हुनैपर्छ, सँगसँगै हामीले जलवायु परिवर्तनका कारण भोग्नुपरेको विपद्को विषयबारे अन्तर्राष्ट्रिय समुदाय समक्ष बलियो गरी प्रस्तुत हुनुपर्ने समय आएको छ ।'

प्रधानमन्त्री शाहले हिउँ चट्टान किन खस्यो ? यति धेरै पानी कसरी आयो ? भन्ने प्रश्नको जवाफ मानव सभ्यतालाई जवाफ दिनैपर्छ भन्नुभएको छ । उहाँले यो हिमनदीभित्र पग्लिएको पानीको कारणले गर्दा हिमनदीको पतनमा बरफ र पानी दुवै मिसिएको हुनसक्छ भन्दै विज्ञहरु लाई उद्दृत गर्नुभएको छ, 'भोटेकोसी नदीमा आएको बाढी, हिमनदीको एउटा सिंगै भाग ठूलो उचाइबाट खस्दा ठूलो ऊर्जासहित



खसेको हुनसक्छ र खसेकै ठाउँमा पग्लिन सुरु गरी निरन्तर पग्लिँदै ठूलो बाढीको रुप लिएको हुनसक्छ । हिमालयको उचाइबाट नेपालतर्फको भूमि ओरालो लाग्दै गएकाले बाढीले थप गति लिँदै सो क्षेत्र क्षतविक्षत पारेको छ ।'

'जलवायु परिवर्तनले हिमालय क्षेत्रको तापक्रम १.८ डिग्रीसम्म वृद्धि भइसकेको पुष्टि भएकाले सोही कारण यो विपत्ति आएकामा शंका छैन । जलवायु परिवर्तन विश्वव्यापी योगदान हो र विपद्प्रतिकार्य पनि विश्वव्यापी जिम्मेवारी रहन्छ' प्रधानमन्त्रीको भनाइ छ ।

साथै, उहाँले भदौ १० गते गएको बाढीपछि हालसम्मको उद्धार, राहत, सहयोग संकलन आदिजस्ता गतिविधिबारे पनि सामाजिक सञ्जालमै जानकारी गराउनुभएको छ ।

# ११ वर्षीय बालकको हत्या...

भारत पुऱ्याएर हत्या गरेको खुलेको प्रहरी नायब उपरीक्षक घलेले जानकारी दिनुभयो ।

पक्राउ परेका किशोरविरुद्ध अपहरण तथा कर्तव्य ज्यान कसुरमा मुद्दा दर्ता गरी थप अनुसन्धानको लागि बारा जिल्ला अदालतबाट पाँच दिनको म्याद पाएको छ । उनलाई हिरासतमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।







# विद्यार्थीमाथि अपशब्द प्रयोग गरेको आरोपमा प्रधानाध्यापकमाथि कुटपिट



सर्लाही, १६ भदौ/विद्यार्थीमाथि अभद्र व्यवहार र अपशब्द प्रयोग गरेको आरोपमा आक्रोशित विद्यार्थीहरूको एउटा समूहले सर्लाहीको बलरा नगरपालिका( ४ स्थित श्रीरामसखी मोहित सिंह माध्यमिक विद्यालयका प्रधानाध्यापक वीरेन्द्र झामाथि विद्यालय परिसरमै कुटपिट गरेका छन् ।

विद्यार्थीहरूले प्रधानाध्यापक झाको गाडीसमेत तोडफोड गरेको जनाइएको छ। प्रधानाध्यापकले विद्यार्थीमाथि अभद्र व्यवहार गर्दै अपशब्द प्रयोग गरेको आरोपपछि विद्यार्थीहरू आक्रोशित बनेका थिए ।

छात्रामाथि असभ्य शब्द प्रयोग गरेको भन्दै विद्यार्थीले माफी माग्न लगाएको तर प्रधानाध्यापक झाले अस्वीकार गरेपछि कुटपिट भएको बताइएको छ ।

बलरा नगरपालिका( ४ घर भइ रौतहटको शिवनगर बस्दै आउनुभएका प्रधानाध्यापक झाको निजी गाडीमा समेत विद्यार्थीले तोडफोड गरी क्षति गरेका छन् । सोमबार दिउँसो भएको घटनापछि नेपाल(भारत सीमानजिकै पर्ने उक्त विद्यालयको पठनपाठन प्रभावित बनेको छ ।

सर्लाही प्रहरीले सो घटनामा संलग्न रहेकामध्ये बलरा नगरपालिका( २ बस्ने २० वर्षीय अभिषेक कापडलाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी वेदप्रसाद गौतमले कापडलाई नियन्त्रणमा लिएर घटनाको अनुसन्धान गरिरहेको जानकारी दिनुभयो ।

प्रधानाध्यापक झाले भने आफूले कुनै पनि छात्रामाथि असभ्य शब्द प्रयोग नगरेको दावी गर्नुभएको छ ।

# बाराको कोल्हबीबाट १९ क्युफिट अवैध सालको काठ बरामद

कोल्हवी, १६ भदौ/बाराको कोल्हवी नगरपालिका ४ लामोपैनीस्थित झाडीबाट प्रहरीले अवैध पाँच थान सालको गोलिया बरामद गरेको छ ।

प्रहरी र वन कर्मचारीको संयुक्त टोलीले झाडीमा खोजतलास गर्दा उक्त काठ बरामद भएको कोल्हवी सब( डिभिजन वन कार्यालयका वन अधिकृत कृष्ण पटेलले जानकारी दिनुभएको छ । बरामद गरिएको १९ क्युफिट सालको गोलियाको बजार मूल्य करिब ४२ हजार रुपैयाँ बराबर रहेको जनाइएको छ । वन क्षेत्रबाट अवैध रूपमा कटान गरी चोरी निकासी गर्ने उद्देश्यले सो काठ झाडीमा लुकाएर राखिएको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ । संयुक्त टोली घटनास्थलमा पुग्दा काठ लुकाउने व्यक्ति वा समूह भने फेला नपरेको प्रहरीले जनाएको छ ।

संलग्न व्यक्तिको पहिचान भएपछि प्रचलित कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइने डिभिजन वन कार्यालय बाराले जनाएको छ ।

डिभिजन वन अधिकृत सुजितकुमार झाले वन क्षेत्रमा हुने अवैध कटान तथा चोरी निकासी नियन्त्रणका लागि हाल निगरानी र गस्ती तीव्र पारिएको बताउनुभएको छ ।

# यात्रा र ढुवानी सहज बनाउन हेटौंडा-काठमाण्डौ आउँदा-जाँदा फरक बाटो प्रयोग गर्नुपर्ने



काठमाण्डौ १६ भदौ/आपूर्ति व्यवस्था र ओहोरदोहोर सहज बनाउन काठमाण्डौ(हेटौंडा सडकलाई एकतर्फी बनाइएको छ ।

आजदेखि साना यात्रुवाहक गाडीलाई लागि आउँदा र जाँदा फरक फरक मार्ग प्रयोग गर्नुपर्ने व्यवस्था मिलाइएको हो । मकवानपुर प्रशासनका अनुसार १४ सिटभन्दा कम क्षमताका गाडी भीमफेदी(कुलेखानी( सिस्नेरी(दक्षिणकाली हुँदै काठमाण्डौ आउनेछन् ।

काठमाण्डौबाट हेटौंडा जाने गाडी फर्पिङ(फाखेल(कुलेखानी(भीमफेदी हुँदै सञ्चालन हुनेछन् । मालवाहक तथा ठूला यात्रुवाहक गाडीले काठमाण्डौ आउँदा त्रिभुवन राजपथ र फर्किंदा कान्ति राजमार्ग प्रयोग गर्नुपर्नेछ ।

खाद्यान्न, खाना पकाउने ग्याँस, चिनी, दूध, तरकारी लगायतका अत्यावश्यक वस्तु ढुवानी गर्ने गाडीलाई प्राथमिकताका आधारमा सञ्चालन गर्ने गरी नयाँ व्यवस्था मिलाइएको हो । पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभीरमा सडक अवरुद्ध भएपछि हेटौंडा हुँदै काठमाण्डौ आवतजावत गर्ने गाडीको चाप बढेको छ ।

नयाँ व्यवस्थाले वैकल्पिक सडकमा हुने सवारी जाम तथा लामो समय गाडी रोक्नुपर्ने अवस्थाको अन्त्य हुने विश्वास गरिएको छ ।

# पर्यटन विकास कार्यालय गौरका तत्कालीन प्रमुख काफ्लेसहित पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा




रौतहट, १६ भदौ/पर्यटन विकास कार्यालय, गौर, रौतहटका तत्कालीन निमित्त कार्यालय प्रमुख राजेश काफ्लेसहित पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग पर्यटन विकास कार्यालय रौतहटसमेतको सहभागितमा रामपुर पोखरीको डिलमा अधुरो शिवनाथ भवन निर्माण, भैरवनाथ मन्दिर निर्माण र राधाकृष्ण मन्दिरको अधुरो भवन निर्माण कार्यमा अनियमितता गरेको आरोपमा कार्यालय प्रमुख काफ्ले, दुई जना इन्जिनियर, उपभोक्ता समितिका अध्यक्ष र कोषाध्यक्षविरुद्ध आरोप पत्र दायर गरेको हो ।

रौतहटको परोहा नगरपालिका( ९ स्थित राधाकृष्ण मन्दिरको थप मर्मत कार्यमा मापदण्ड विपरित न्यून गुणस्तरको कार्य गरी अनियमितता गरेको अख्तियारको ठहर छ ।

कुल ५० लाख ६६ हजार ९७५ रूपैयाँ लागतको कार्यालय र शिवनाथ भवन, भैरवनाथ मन्दिर निर्माण र अधुरो राधाकृष्ण मन्दिर निर्माण कार्य उपभोक्ता समिति बिच सम्झौता भई अधुरो राधाकृष्ण मन्दिरको भवन निर्माण कार्य गरिएको थियो ।

उक्त कार्यका लागि निर्धारित शर्त तथा मापदण्ड विपरीत फिल्डमा नभए नगरेको निर्माण कार्यलाई भए गरेको भनी नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदनमा चढाई वास्तविक भए गरेको भन्दा ६ लाख ८० हजार ५९२ रूपैयाँ र ४३ पैसा बढी कार्य भएको भनी गलत प्रतिवेदन तयार गरी गराई झुट्ठा बिल भरपाई बनाई बनाउन लगाई सोही बमोजिमको भुक्तानी दिए लिएको अख्तियारको ठहर छ ।

अख्तियारले पर्यटन विकास कार्यालय, गौर, रौतहटका तत्कालीन निमित्त कार्यालय प्रमुख राजेश काफ्ले, इन्जिनियर सुदिप प्रकाश तिमल्सेना, इन्जिनियर नितिश कुमार पटेलविरुद्ध ६ लाख ८० हजार ५९२ रूपैयाँ र ४३ पैसा बिगो कायम गरी कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिएको छ ।

यस्तै, अधुरो शिवनाथ भवन निर्माण, भैरवनाथ मन्दिर निर्माण र राधाकृष्ण मन्दिरको अधुरो निर्माण कार्य योजनाको उपभोक्ता समितिका अध्यक्ष खहेरु साह तेली र कोषाध्यक्ष कुन्ती देवीविरुद्ध पनि मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइ विशेष अदालतमा आरोपपत्र दायर गरिएको छ ।

# भोटेकोशी बाढीमा हालसम्म १ हजार ९३ जनाको शव फेला



काठमाडौं, १६ भदौ /रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण मंगलबार २०:०० बजे सम्म १ हजार ९३ जनाको शव फेला परेको छ ।

जसमध्ये रसुवामा ४५ जना, नुवाकोटमा १ सय ५१ जना, धादिङमा ५७ जना, चितवनमा ३ सय २१ जना, गोरखामा ६६ जना, तनहुँमा ३८ जना, नवलपरासी पूर्वमा २ सय १६ जना, नवलपरासी पश्चिम १ सय ९० जना र भारतमा ९ जना गरी १ हजार ९३ जनाको शव फेला परेको हो । फेला परेको शवहरू मध्ये १ हजार ८२ को लाशजाँच मुचुल्का सम्पन्न भएको छ भने ५८ वटा शव आफन्तलाई हस्तान्तरण गरिएको छ ।

साथै पहिचान नभएको ९ सय ११ वटा शवहरूको विवरण नेपाल प्रहरीको वेबसाइटमा समेत अपलोड गरिएको छ। बाढी प्रभावित क्षेत्रमा उद्दार, खोजी, राहत वितरण, शव व्यवस्थापन लगायतका कार्यका लागि हालसम्म ७ हजार ९ सय १२ जना प्रहरी कर्मचारीहरू परिचालन गरिएको छ । बाढी प्रभावित क्षेत्रहरूबाट ६ हजार ५ सय ४१ जनाको उद्दार गरिएको छ भने हालसम्म बेपत्ता भएका ४ हजार ५ सय ७१ जनाको खोजी कार्य भइरहेको छ ।

प्रहरीले बाढीको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घर परिवारलाई सुरक्षित स्थानमा राख्ने, विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा आवश्यक उद्दार एवम् खोजी गर्नुका साथै विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्य समेत गरिरहेको छ ।

# मकवानपुरमा राप्ती खोलाले बगाउँदा ७० वर्षीय रुम्बाको मृत्यु

हेटौंडा, १६ भदौ/मकवानपुरको हेटौंडा उपमहानगरपालिका( १९ बस्तीपुरस्थित राप्ती खोलाले बगाउँदा एक वृद्धको मृत्यु भएको छ ।

प्रहरीका अनुसार मंगलबार बिहान करिब ७:१० बजे राप्ती खोलाले एक जना मानिसलाई बगाएर तलतिर लगिरहेको सूचना प्राप्त भएपछि इलाका प्रहरी कार्यालय नेवारपानीबाट प्रहरी टोली घटनास्थलतर्फ खटिएको थियो ।

प्रहरीले खोजी गर्ने क्रममा मनहरी गाउँपालिका(४ मसिने बस्ने अन्दाजी ७० वर्षीय बलबहादुर रुम्बाको शव बस्तीपुर पुलबाट करिब ५०० मिटर तल राप्ती खोलाको बीच भागमा काठ र ढुंगाको बीचमा अल्झिएको अवस्थामा बिहान ७:४५ बजे फेला पारेको हो ।

घटनाबारे थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी निरीक्षक उमाशंकर प्रसादको कमाण्डमा क्इऋइ सहितको टोली घटनास्थल पुगेको थियो । घटनास्थल मुचुल्का लगायतका आवश्यक प्रक्रिया बिहान १० बजे सम्पन्न गरी रुम्बाको शव पोस्टमार्टमका लागि हेटौंडा अस्पतालको शवगृहमा राखिएको प्रहरीले जनाएको छ ।

घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# बाढी प्रभावित बालबालिकाको तस्बिर र भिडिओ पोस्ट नगर्न अपिल

काठमाडौं,१६ भदौ/राष्ट्रिय बाल अधिकार परिषद्ले भोटेकोसी बाढी प्रभावित बालबालिकाको तस्बिर सामाजिक सञ्जालमा पोस्ट नगर्न अपिल गरेको छ ।

मंगलबार परिषद्का अधिकृत रामबहादुर चन्दले प्रेस विज्ञप्ति प्रकाशित गरी बालबालिकाको तस्बिर तथा भिडिओ पोस्ट नगर्न अपिल गर्नुभएको हो । बाढी प्रभावित बालबालिकाको उद्धार, राहत, सहयोग तथा अन्य सेवा उपलब्ध गराएका तस्बिर तथा भिडिओ सञ्चार माध्यम र सामाजिक सञ्जालमा पोस्ट नगर्न आग्रह गरिएको छ ।

उनीहरू गोपनीयता र मर्यादाको सम्मान र पालना नर्ग सबैलाई आग्रह गरिएको छ ।

परिषद्ले भनेको छ, 'बाढीबाट पीडित तथा प्रभावित बालबालिकाको उद्धार, राहत, सहयोग तथा अन्य सेवा उपलब्ध गरे/गराएको भिडिओ तथा फोटोहरू फेसबुक, मेसेन्जर, युट्युब, टिकटक, इन्स्टाग्राम, लिंक्डइन, थ्रेड, स्नापच्याट, भाइबर, ह्वाट्सएप, एक्सलगायतका सामाजिक सञ्जाल तथा सञ्चार माध्यममा कुनै पनि व्यक्ति वा संस्थाले बालबालिकाको गोपनीयता र मर्यादाको सम्मान र पालना गर्न एवं पीडित तथा प्रभावित बालबालिकाको भिडिओ तथा फोटोहरू पोस्ट नगर्नु नगराउनु हुन परिषद् हार्दिक अपिल गर्दछ ।'


## सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरौं

- सार्वजनिक शौचालयको निर्माण तथा नागरिकको पहुँच विस्तार गरौं,
- सार्वजनिक शौचालयको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- फोहोर, प्लास्टिक वा अन्य वस्तु शौचालयमा नफालौं,
- साबुनपानीले हात धुने बानी अपनाई व्यक्तिगत सरसफाइमा ध्यान दिऔं,
- सार्वजनिक सम्पत्तिको सम्मान गर्दै क्षति पुग्ने कार्य नगरौं,
- शौचालय स्वच्छ राखी रोगको संक्रमण न्यूनीकरणमा योगदान दिऔं,
- सार्वजनिक शौचालय सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं।

स्वच्छ शौचालय, स्वस्थ समुदाय र सभ्य समाज निर्माणमा सबैले सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.ली., बिरगंज पर्सा, प्रबन्ध संचालक एवं भाषा-सम्पादक:- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक:- गोकुल घोरसाइने., सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:- के.एस. मल्टिप्रपोज प्रा.ली. बिरगंज, पर्सा ०५१-५९१८७३